नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

www.tourismdepartment.gov.np
Email: info@tourismdepartment.gov.np
फोन नं :- ०१५३५६२१७, ०१५३५६२३१
पर्यटक प्रहरी : ०१५३४७०४१
महानिर्देशक :- ५३४७०३७
भृकुटीमण्डप, काठमाडौं

पर्यटन विभाग

(पर्वतारोहण शाखा)

पत्र सङ्ख्या: २०८०/८१
चलानी नं.

# प्रेस विज्ञप्ति

आज मिति २०८१ आश्विन १३ गते यस विभागका महानिर्देशक डा. नारायण प्रसाद रेग्मीज्यूको संयोजकत्वमा पर्यटकको खोज, उद्धार, उपचार तथा अनुगमन निर्देशक समितिको बैठक बस्यो। उक्त बैठकबाट मिति २०८१ साल आश्विन ११ र १२ गतेको अविरल बर्षाको कारण विपद्मा परेका पर्यटकहरुको खोज, उद्धार गर्ने कार्यमा सहयोग गर्ने निकाय/ व्यक्तिलाई धन्यवाद दिने र Rescue Flight गर्दा अनुमति प्राप्त गर्ने प्रकृया झन्झटिलो र लामो समय लाग्ने भएकोले प्रकृया अनुमति छोट्याउन तथा निषेधित क्षेत्र (Restricted Area) को सम्बन्धमा पुनरावलोकन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखी पठाउने निर्णय भयो। साथै विपद्मा परेका पर्यटकहरुको तत्काल उद्धार गर्ने कार्यमा सहयोग गर्न स्थानीय सरकार र पर्यटन क्षेत्रसँग सम्बन्धित निजी क्षेत्रका छाता सङ्गठनहरुलाई अनुरोध गर्ने तथा विपदमा परेका पर्यटकहरुको उपचारमा सहजीकरण गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने एवम् मनास्लु र सोलुखुम्बु क्षेत्रमा उद्धारको पर्खाइमा रहेका पर्यटकहरुको हवाई उद्धारको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हेलिकोप्टर फ्लाइट अनुमति प्रदान गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणलाई तत्काल अनुरोध गर्ने निर्णय भयो। मनास्लु र सोलुखुम्बुमा रहेका पर्यटकहरुको अवस्था बुझ्नलाई नेपाल पर्वतारोहण संघको नेतृत्वमा तत्काल अनुगमन गर्ने पनि निर्णय गरियो।

मितिः२०८१/०६/१३ गते साँझ ५.३० बजे
नेपाल संवतः ११४४

..............
(राकेश गुरुङ)
निर्देशक